छाँयानाथ रारा नगरपालिका

# आर्थिक ऐन

आ.व. ०७४।०७५

छाँयानाथ रारा नगरपालिका

# छाँयानाथ रारा नगरपालिकाको आर्थिक ऐन, २०७४

## नगरसभाबाट पारित मिति : २०७४।०३।३१

**प्रस्तावना** : छाँयानाथ रारा नगरपालिकाको आर्थिक वर्ष २०७४/०७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम छाँयानाथ रारा नगरसभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन २०७४ साल श्रावण १ गतेदेखि छाँयानाथ रारा नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

**२. सम्पत्ति कर** : नगरपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

**३. भूमि कर (मालपोत)** : नगरपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

**४. घर वहाल कर** : नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल उपर गरिनेछ ।

**५.व्यवसाय कर** : नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजिगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम कर लगाइने र असूल उपर गरिनेछ ।

**६. जडिबुटी, कवाडी र जीवजन्तु कर** : नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरेको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लागइने र असूल उपर गरिनेछ ।

**७. सवारी साधन कर** : नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**८. विज्ञापन कर** : नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**९. मनोरन्जन कर** : नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**१०. बहाल बिटौरी शुल्क** : नगरपालिका क्षेत्रभित्र हुने आफूले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल विटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**११. पार्किङ शुल्क** : नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ उपलब्ध गराए बापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१२. ट्रेकिङ, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र =याफ्टीङ्ग शुल्क** : नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र =याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवापत अनुसूचि (११) बमोजिम शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१३. सेवा शुल्क, दस्तुर** : नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूचि (१२) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१४. पर्यटन शुल्क** : नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूचि (१३) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**१५. कर छुट** : यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनैपनि किसिमको कर छुट दिइनेछैन ।

**१६. कर तथा संकलन सम्बन्धी कार्यविधि** : यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि नगरपालिकाले तोके अनुसार हुनेछ ।

अनुसूची -१
(दफा २ संग सम्बन्धित)
सम्पत्ति कर

| | | |
|---|---|---|
| १. | **घर कर (प्रतिवर्ष)** | |
| | केदारस्युँ नगरपालिका स्थानीय बजार सडक छेउका पक्कीघर | रु.१००।- |
| | केदारस्युँ नगरपालिका स्थानीय बजार सडक छेउका कच्चीघर | रु.५०।- |
| | अन्य बस्ती प्रतिघर :- | |
| | ढलान भएको घर | रु.५०।- |
| | सिलेट वा जस्ताको छाना भएको घर | रु.२५।- |
| | खर/फुसले छाएको घर | रु.१५।- |

| | | |
|---|---|---|
| २. | **एकिकृत सम्पत्ती कर** | |
| | केदारस्यँु नगरपालिकाले एकिकृत सम्पत्तीको बारेमा विस्तृत अध्ययन अनुसन्धान गरेर गाउँसभाबाट पारित गराएर लागु गर्न सक्नेछ। | |
| | | |

अनुसूची -२
(दफा ३ संग सम्बन्धित)
भूमि कर (मालपोत)

| | | | |
|---|---|---|---|
| २. | **मालपोत कर (प्रति रोपनी)** | | |
| १. | **भूमि कर (प्रतिवर्ष)** | | |
| | क) नगरपालिकाको स्थानीय बजारहरुमा सडकले छोएको जग्गाको प्रति घडेरी (१ रोपनी भन्दा कम) जग्गा मूल्याङ्कन रकमको | | १% |
| | ख) सडकले छोएको जग्गा प्रति घडेरी (१ रोपनी भन्दा माथी) | | ०.७५% |
| | ग) शाखा सडक (ग्राभेल)ले छोएको जग्गा (१ रोपनी भन्दा कम) | | ०.५०% |
| | घ) अन्य भित्री बाटो प्रति घडेरी | | ०.२५% |
| | जग्गाको किसिम | खेत | पाखो |
| | क) अब्बल | १०।- | ७।- |
| | ख) दोयम | ७।- | ५।- |
| | ग) सिम | ५।- | ३।- |
| | घ) चाहार | ३।- | २।- |

अनुसूची -३
(दफा ४ संग सम्बन्धित)
घर बहाल कर

| | |
|---|---|
| १. | **बहाल कर**<br>नगरपालिका क्षेत्र भित्रका घर, ग्यारेज, पसल, गोदाम, टहरा, छप्पर, कारखाना, उद्योग, जग्गा वा पोखरी पुरै वा आंशीक रुपमा बहाल दिएमा घर धनीबाट बहाल रकम को १२% बहाल कर लिइने छ। |

अनुसूची -४
(दफा ५ संग सम्बन्धित)

व्यवसाय कर

| | | |
|---|---|---|
| १ | **व्यवसाय कर दर रेट (प्रतिवर्ष)** | |
| | **१ व्यापारिक वस्तु** | |
| | १.१ सूर्तीजन्य, ज्वेलरी, भिडीयो क्यासेट रिकर्डर प्लेयर को इलेक्ट्रोनिक व्यापारमा | |
| | खुद्रा व्यापारमा | रु. ७५०।- |
| | थोक व्यापारमा | रु. ४०००।- |
| | १.२ होटल व्यवसाय | |
| | क) साना चिया होटल | रु.५००।- |
| | ख) मझौला होटल | रु.७५०।- |
| | ग) ठूला होटल | रु.१५००।- |
| | १.३ मदिरा व्यवसाय | |
| | खुद्रा व्यापारमा | रु.१०००।- |
| | थोक व्यापारमा | रु.५०००।- |
| | १.४ कम्प्युटर, विद्युतिय सामान, क्यामरा, टेलिभिजन, रेडियो, मोबाइल, कार्पेट, पेट्रोलियम पदार्थ जस्ता वस्तुको व्यापारमा | |
| | खुद्रा व्यापारमा | रु.७५०।- |
| | थोक व्यापारमा | रु.२०००।- |
| | १.५ भाँडा पसल | रु.७५०।- |
| | १.६ हार्डवेयर/निर्माण सामग्री पसल | रु.१५००।- |
| | १.७ कुटानी पिसानी मिल | रु.१५००।- |
| | १.८. दैनिक उपभोग्य वस्तु, सुति कपडा, फेन्सी स्टोर आदिको व्यापारमा | |
| | खुद्रा व्यापारमा | रु.१०००।- |
| | थोक व्यापारमा | रु.२०००।- |
| | १.९ सवारी साधान विक्रेता | |
| | खुद्रा व्यापारमा | रु.१००००।- |
| | थोक व्यापारमा | रु.२००००।- |
| | १.१० फुटपाथ व्यापारी प्रतिमहिना प्रतिमहिना | रु.२००।- |
| | १.११ घुमन्ते व्यापारी प्रतिमहिना | रु.५००।- |
| | १.१२ घुमन्ते थोक व्यापारी प्रतिमहिना | रु.१०००।- |
| | १.१३ सामान ढुवानीकर्ता कम्पनी प्रतिवर्ष | रु.१५००।- |
| | | |

| | |
|---|---|
| **२ विशेषज्ञ परामर्श तथा अन्य व्यवसायिक कर प्रतिवर्ष** | |
| २.१ चिकित्सक | रु.१०००।- |
| २.२ कविराज | रु.५००।- |
| २.३ इन्जिनियर | रु.१०००।- |
| २.४ कानून व्यवसायी | रु.१०००।- |
| २.५ लेखापरीक्षक | |
| "क" श्रेणी | रु.१५००।- |
| "ख" श्रेणी | रु.१०००।- |
| "ग" श्रेणी | रु.५००।- |
| २.६ दन्त चिकित्सक | रु.७५०।- |
| २.७ मेडिकल फार्मेसी एग्रोभेट | रु.७५०।- |
| २.८ बिमा एजेन्ट | रु.५००।- |
| २.९ अनुसन्धानकर्ता तथा परामर्शदाता | रु.५००।- |
| २.१० कम्प्युटर एनालिस्ट तथा प्रोग्रामर | रु.५००।- |
| | |
| **३ उत्पादनमूलक उद्योग**<br>कोरा माल, अर्ध प्रशोधित माल, खेर गैरहेको माल सामान वा अनय माल सामान प्रयोग वा प्रशोधन गरी माल सामान उत्पादन गर्ने उद्योग व्यवसायलाई प्रतिवर्ष | |

| | |
|---|---|
| | रु.२०००।- |
| | |
| **४. उर्जामुलक**<br>जलश्रोत, वायु, सौर्यशक्ति, प्राकृतिक तेल, ग्याँस/वायोग्याँस तथा अन्य श्रोतबाट उर्जा पैदा गर्ने उद्योग व्यवसायमा प्रतिवर्ष | रु.२०००।- |
| | |
| **५. कृषि, पशु तथा वनपैदावारजन्य उद्योग प्रतिवर्ष** | |
| क) कृषि तर्फ - तरकारी, नर्सरी, अन्य फलफूल | रु.२०००।- |
| ख) पशु तर्फ | रु.२०००।- |
| ग) वन तर्फ | रु.२५००।- |
| | |
| **६. खनिज उद्योग** | |
| खनिज पदार्थ उत्खनन तथा प्रशोधन | रु.१५००।- |
| | |
| | |
| | |
| | |
| **८. सेवा उद्योग** | |
| छापाखाना, परामर्श सेवा, चलचित्र व्यवसाय, सार्वजनिक परिवहन व्यवसाय, फोटोग्राफि, भिडीयो प्रयोगशाला, केबुलकार सेवा, शीतभण्डार आदि उद्योग व्यवसायमा प्रतिवर्ष | रु. २०००।- |
| | |
| **९. निर्माण उद्योग** | |
| “क” वर्ग प्रतिवर्ष | रु.५०००।- |
| “ख” वर्ग प्रतिवर्ष | रु.४०००।- |
| “ग” वर्ग प्रतिवर्ष | रु.३०००।- |
| ”घ” वर्ग प्रतिवर्ष | रु.२०००।- |
| सडक, पुल, रोपवे, रेलवे, ट्रलिबस, टनेल, फ्लाइङ्ग ब्रिज तथा औधोगिक व्यापारिक एवं आवास कम्प्लेक्सन आदि निर्माण गरि सञ्चालन गर्ने उद्योग व्यवसायमा प्रतिवर्ष | रु.५०००।- |
| | |
| **१०. सञ्चार सेवा (प्रतिवर्ष)** | |
| क) निजी क्षेत्रको हुलाक सेवा, | रु.७५०।- |
| ख) निजी क्षेत्रको टेलिफोन, फ्याक्स, फोटोकपी, मोबाइल फोन, इमेल इन्टरनेट, रेडियो, पेजिङ्ग आदिमा | रु.७५०।- |
| ग) कुरियर सेवा | रु.७५०।- |
| घ) छपाई तथा प्रकाशन | रु.१०००।- |
| ङ) स्टेशनरी/पुस्तकालय | रु.७५०।- |
| च) एफ. एम. रेडीयो | रु.२५००।- |
| | |
| **११. वित्तीय सेवा** | |
| ११.१ नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको बाहेक आर्थिक कारोबार गर्ने बाणिज्य बैंक | |
| “क” वर्ग बैंक प्रतिवर्ष | रु.५०००।- |
| “ख” वर्ग बैंक प्रतिवर्ष | रु.४०००।- |
| “ग” वर्ग वित्तिय संस्थाहरु प्रतिवर्ष | रु.३०००।- |
| ”घ” वर्ग लघुवित्त तथा सहकारी संस्थाहरु प्रतिवर्ष | रु.२०००।- |
| ११.२ आर्थिक कारोबार समेत गर्ने वित्तिय कम्पनी प्रतिवर्ष | रु.५०००।- |
| ११.३ वित्तिय कम्पनिका शाखा कार्यालय | रु.२०००।- |
| ११.४ बिमा कम्पनी प्रतिवर्ष | रु.५०००।- |
| ११.५ विदेशी मुद्रा सटही प्रतिवर्ष | रु.१०००।- |
| ११.६ मनि ट्रान्सफर सेवा प्रतिवर्ष | रु. १५००।- |
| | |

| | |
|---|---|
| **१२ स्वास्थ्य सेवा (प्रतिवर्ष)** | |
| क) गैर सरकारी अस्पताल | रु.२०००।- |
| ख) नर्सिङ्ग होम | रु.३०००।- |
| ग) क्लीनिक ल्याब | रु.१५००।- |
| घ) मेडिकल | रु.१०००।- |
| | |
| **१३ शिक्षा सेवा (प्रतिवर्ष)** | |
| १३.१ निजी क्षेत्रका स्कुल, क्याम्पस, विश्व विद्यालय | |
| प्रा.वि.स्तर | रु.७५०।- |
| नि.मा.वि.स्तर | रु.१०००।- |
| मा.वि.स्तर | रु.१५००।- |
| उ.मा.वि.स्तर | रु.२०००।- |
| क्याम्पस स्तर | रु.२५००।- |
| १३.२ तालिम तथा अध्ययन, अनुसन्धान केन्द्र | रु.१०००।- |
| १३.३ टाइपिङ्ग, कम्प्युटर प्रशिक्षण तथा भाषा प्रशिक्षण संस्था | रु.२०००।- |
| १३.४ अन्तर्राष्ट्रिय गैर सरकारी संस्था | रु.२५००।- |
| १३.५ राष्ट्रिय गैर सरकारी संस्था | रु.१५००।- |
| १३.६ ट्युसन तथा कोचिङ्ग सेन्टर | रु.१०००।- |
| | |
| **१४. मर्मत सम्भार सेवा (प्रतिवर्ष)** | |
| क) हेभी इक्वीपमेन्ट, बस, ट्रक, कार, मोटर साइकल, मर्मत कारखाना | रु.१५००।- |
| ख) रेडियो, टि.भी., घडी, प्रेसरकुकर, हिटर, टेलिफोन सेट, विद्युतिय सामान मर्मत केन्द्र | रु.७५०।- |
| | |
| **१५. अन्य सेवा (प्रतिवर्ष)** | |
| क) विज्ञापन सेवा | रु.१०००।- |
| ख) वैदेशिक रोजगार सेवा | रु.२०००।- |
| ग) स्वदेशी रोजगार सेवा | रु.१०००।- |
| घ) सेक्रेटरीयल सेवा | रु.१०००।- |
| ङ) हाउजिङ्ग कम्पनी तथा जग्गा खरिद विक्री | रु.२५००।- |
| च) व्युटी पार्लर, केश श्रृङ्गार ड्राइ क्लिनर | रु.७५०।- |
| छ) पशु बधशाला | रु.१०००।- |
| ज) मासु विक्रेता | रु.७५०।- |
| झ) पुल हाउस | रु.१०००।- |
| ञ) खोटो व्यवसायी कम्पनी फर्म | रु.२५००।- |
| ट) सिसा प्लाइउड विक्रेता | रु.१०००।- |
| ठ) स्टिल दराज, काठ, फर्निचर विक्रेता | रु.१५००।- |
| ड) केबल नेटवर्किङ्ग, डि.टि.एच. सेवा | रु.२५००।- |
| ढ) पार्क पिकनिक स्पट | रु.७५०।- |
| ण) सिलाइ कटाइ पसल | रु.५००।- |
| त) टुर अपरेटर | रु.१५००।- |
| थ) ग्याँस डिलर | रु.१०००।- |
| द) ग्रील उद्योग | रु.१५००।- |
| ध) सोलार पसल | रु.१०००।- |
| न) आयल स्टोर | रु.२०००।- |
| प) गिटी, ढुङ्गा, बालुवा उद्योग | रु.२५००।- |
| फ) फर्निचर उद्योग | रु.१५००।- |
| ब) पानीघट्ट | रु.५००।- |

(दफा ६ संग सम्बन्धित)

**नगरपालिकाले लगाउने जडिबुटी, कवाडी र जीवजन्तु कर सभाले बनाएको कानून बमोजिम हुनेछ।**

**अनुसूची - ६**

(दफा ७ संग सम्बन्धित)

**नगरपालिकाले लगाउने सवारी साधन कर सभाले बनाएको कानून बमोजिम हुनेछ।**

**अनुसूची - ७**

(दफा ८ संग सम्बन्धित)

**नगरपालिकाले लगाउने विज्ञापन कर सभाले बनाएको कानून बमोजिम हुनेछ।**

**अनुसूची - ८**

(दफा ९ संग सम्बन्धित)

**नगरपालिकाले लगाउने मनोरञ्जन कर सभाले बनाएको कानून बमोजिम हुनेछ।**

**अनुसूची - ९**

(दफा १० संग सम्बन्धित)

**नगरपालिकाले लगाउने बहाल विटौरी शुल्क सभाले बनाएको कानून बमोजिम हुनेछ।**

**अनुसूची - १०**

(दफा ११ संग सम्बन्धित)

**नगरपालिकाले लगाउने पार्किङ शुल्क सभाले बनाएको कानून बमोजिम हुनेछ।**

**अनुसूची - ११**

(दफा १२ संग सम्बन्धित)

| नगरपालिकाले लगाउने ट्रेकिङ, कोयोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ¥याफ्टीङ्ग शुल्क | दर | कैफियत |
|---|---|---|
| पर्यटक आवास, होटेल, रिसोर्ट, ट्राभल एजेन्सी, स्कीङ्ग, ग्लाइडिङ्ग, वाटर ¥याफ्टीङ्ग, पोनी ट्रेकिङ्ग, पदयात्रा, हट एयर बलुनिङ्ग, प्यारा सेलिङ्ग, गल्फ कोर्ष, पोलो, अश्वारोहण, आदि उद्योग व्यवसायमा प्रतिवर्ष | रु.२०००।- | |

**अनुसूची - १२**

(दफा १३ संग सम्बन्धित)

**नगरपालिकाले लगाउने सेवा शुल्क, दस्तुर**

| | | |
|---|---|---|
| १ | **चारकिल्ला प्रमाणित दस्तुरः** | |
| | १. नगरपालिका क्षेत्र भित्रको मूल सडक बाग्थला देखी सुडीखोला सम्म सडक छेउ १ देखी १०० वर्ग मि. सम्म | रु.३००।- |
| | १०० वर्ग मि. भन्दा माथी प्रति १०० वर्ग मि. सम्म | रु.२००।- |
| | २. मुल सडक बाहेक अन्य शाखा सडक भएकोमा १ देखी १०० वर्ग मि. क्षेत्रफल को दस्तुर | रु. २००।- |
| | १०० वर्ग मि. भन्दा माथी प्रति १०० वर्ग मि. सम्म | रु.१५०।- |
| | ३. अन्य गाउँ तथा बस्ती भएको जग्गाको | |
| | १ देखी १०० वर्ग मि. क्षेत्रफल को दस्तुर | रु.१५०।- |
| | १०० वर्ग मि. भन्दा माथी प्रति १०० वर्ग मि. सम्म | रु. १००।- |

| | | |
|---|---|---|
| २ | **घर नक्सा पास सम्बन्धि** | |
| | स्थानीय बजार क्षेत्र<br>**मूल सडक छेउ**<br>भवन प्रति वर्ग फिटको<br>भवनको तला थप्न प्रतितला<br>**शाखा सडक**<br>भित्रका भवनको प्रति वर्ग फिटको | <br><br>रु.२।-<br>रु.१०००।-<br><br>रु.१।- |

| | | |
|---|---|---|
| | भवनको तला थप्न प्रतितला | रु.५००।- |
| | **अन्य बस्तीक्षेत्र** | |
| | भवनको प्रतिवर्ग फिटको | रु.०।५० |
| | भवनको तला थप्न प्रतितला | रु.२५०।- |

| | | |
|---|---|---|
| ३. | **योजना निर्माण वा कार्य सम्पन्न सिफारिस** | |
| | १ लाख सम्मको लागि | रु.५००।- |
| | ५ लाख सम्मको लागि | रु.७००।- |
| | १० लाख सम्मको लागि | रु.१०००।- |
| | २० लाख सम्मको लागि | रु.२०००।- |
| | २० लाख भन्दा माथी प्रति १० लाखको | रु.१०००।- |
| | बैंक खाता सञ्चालन सिफारिस दस्तुर | रु.५००।- |

| | | |
|---|---|---|
| ४. | **संघ संस्था दर्ता सिफारिस** | रु.१०००।- |
| | वडास्तरिय समूह/संस्था | **रु.२५०।-** |
| | **गा.पा.स्तरिय समूह/संस्था** | **रु.५००।-** |

| | | |
|---|---|---|
| ५. | **घरजग्गा मूल्याङ्कन** | |
| | क) विद्यार्थीको लागि (रु. १ करोड भन्दा कमको लागि) | रु. २०००।- |
| | ख) अन्य व्यक्तिको हकमा प्रतिकरोड | रु. ५०००।- |
| | ग) र दुवैको हकमा थप प्रति करोड | रु. १०००।- |

| | | |
|---|---|---|
| ६. | **व्यावसायिक संघ संस्था दर्ता सिफारिस** | |
| | क) तीन लाख रुपैया सम्मको वार्षिक कारोबार गर्ने व्यवसायी | रु.२००।- |
| | ख) पाँच लाख देखी दश लाख रुपैया सम्मको वार्षिक कारोबार गर्ने व्यवसायी | रु.५००।- |
| | ग) दश लाख रुपैया भन्दा माथीको वार्षिक कारोबार गर्ने व्यवसायी | रु.१०००।- |

| | | |
|---|---|---|
| ७. | **सिफारिस तथा अन्य सेवा शुल्क** | |
| | क) साधारण व्यक्तिगत सिफारिस दस्तुर | रु.१००।- |
| | ख) समूह वा संस्थागत सिफारिस दस्तुर | रु.५००।- |
| | ग) घर बाटो प्रमाणित | रु.४००।- |
| | घ) जग्गा सम्बन्धी अंशवण्डा नामसारी सिफारिस | रु.४००।- |
| | ङ) घर भएको सिफारिस दस्तुर | रु.१००।- |
| | च) मुचुल्का प्रमाणित | रु.५००।- |
| | छ) पञ्जीकरण | |
| | जन्मदर्ता | रु.५०।- |
| | मृत्युदर्ता | रु.५०।- |
| | विवाहदर्ता | रु.५०।- |
| | बसाइसराईदर्ता | रु.५०।- |
| | सम्बन्ध विच्छेद दर्ता | रु.५००।- |
| | ज) नाता प्रमाणित | रु.१५०।- |
| | झ) नागरिकता सिफारिस | रु.५०।- |
| | ञ) नाबालक परिचयपत्र सिफारिस | रु.५०।- |
| | ट) कृषि सिफारिस | रु.२५०।- |
| | ठ) समूह दर्ता | रु.५००।- |
| | ड) ठेक्का पट्टा सिफारिस | रु.५०००।- |
| | ढ) मदिरा व्यवसाय सञ्चालन सिफारिस | रु.२५०००।- |
| | ण) वैदेशिक प्रयोजनको लागि | |
| | नाता प्रमाणित | रु.२५०।- |
| | कर चुक्ता सिफारिस | रु.५००।- |

| | | |
|---|---|---|
| | आम्दानी प्रमाणित जम्मा हुन आउने आम्दानीको | ०.०५% |
| | त) प्रचलित कानून तथा प्रत्यायोजित अधिकार बमोजिमका अन्य सिफारिस वा प्रमाणित | |
| | संस्थागत | रु.५००।- |
| | व्यक्तिगत | रु.१००।- |
| | थ) खानेपानी मुहान दर्ता सिफारिस | रु.५००।- |

**अनुसूची - १३**

(दफा १४ संग सम्बन्धित)

**नगरपालिकाले लगाउने पर्यटन शुल्क**

| **७. पर्यटन उद्योग (वार्षिक)** | |
|---|---|
| पर्यटक आवास, होटेल, रिसोर्ट, ट्राभल एजेन्सी, स्कीङ्ग, ग्लाइडिङ्ग, वाटर र्‍याफ्टीङ्ग, पोनी ट्रेकिङ्ग, पदयात्रा, हट एयर बलुनिङ्ग, प्यारा सेलिङ्ग, गल्फ कोर्ष, पोलो, अश्वारोहण, आदि उद्योग व्यवसायमा प्रतिवर्ष | रु.२०००।- |

छायानाथ रारा नगरपालिका